# जिरो होम डेलिभरी कार्यक्रम सञ्चालन निर्देशिका, २०७८

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

# जिरो होम डेलिभरी कार्यक्रम सञ्चालन निर्देशिका, २०७८

## परिचयः

नेपालको संबिधान ७२ को धारा ३५ मा " प्रत्येक नागरिकले राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वन्चित गरिने छैन " भनि स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हक अन्तर्गत राखेको छ | त्यस्तै संविधानको धारा ३८ को उपधारा (२) मा समेत "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ " भनी महिला हक अन्तर्गत स्पष्ट रुपमा राखेको छ | नेपालको राष्ट्रिय स्वास्थ्य निति २०७६ मा समेत "सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई गुणस्तरीय,सर्वसुलभ र पहुँचयोग्य बनाइनेछ " भनी प्रमुख रणनीतिहरुमा समेटिएको हुनाले नेपाल सरकारले विगत देखिने सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु सन्चालन गर्दै आएको सबैमा सर्वविधितै छ | "सुरक्षित मातृत्व" कार्यक्रम अन्तर्गत "आमा सुरक्षा" कार्यक्रम एक महत्वपूर्ण र अपरिहार्य कार्यक्रम हो |

नेपाल विश्वब्यापी रुपमा देशको उच्च मातृ तथा बाल मृत्युलाई न्यून सहश्राब्दी विकास लक्ष्य पुरा गरी सुरक्षित मातृत्व तथा वाल स्वास्थ्य सुधारमा गरेको योगदानलाई चिनाई विभिन्न अन्तर्राष्ट्रिय पुरस्कार पाउन सफल भएको सर्वविधितै छ | संस्थागत सुत्केरी वृद्धि गरी आमा तथा नवजात शिशु मृत्युलाई कम गर्न नेपाल सरकारले आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सन्चालन गर्दै आएको छ | यसै सन्दर्भमा देशको परिवर्तित संरचनामा नेपालले दिगो विकास लक्ष्य (Sustainable Development Goal) २०३० सम्ममा पुरा गर्ने प्रतिवद्धता अनुसार हाल २३९ रहको मातृ मृत्युदर (प्रति लाखमा) लाई ७० मा, २१ प्रति हजारमा रहेको नवजात शिशु मृत्युलाई १२ मा, र वाल मृत्युलाई २० मा झार्ने लक्ष्य राखेको छ | हाल नेपालमा वर्षेनी ११ सय भन्दा वढी आमाहरुले गर्भवती भएकै कारणले मृत्यु हुन परेको छ त्यसकारण यस कार्यक्रम अन्तर्गतको "आमा सुरक्षा" कार्यक्रम लागु भएका स्वास्थ्य संस्थाहरुमा नि:शुल्क २४ सै घण्टा प्रसुती सेवा, न्यानो झोला, भिटामिन के, म्याग्नेसियम सल्फेट, मातृ सुरक्षा चक्की, नि:शुल्क गर्भपतन र नि:शुल्क रक्त सञ्चार सेवा कार्यक्रमका साथै संस्थागत सुत्केरी गराउने हरेक महिलालाई यातायात खर्च पनि प्रदान गरिने छ | यस्तै राष्ट्रिय नीति,रणनीतिहरुलाई मध्यनजर गरी यस हरिवन नगरपालिकाले " **जिरो होम डेलिभरी कार्यक्रम"** ल्याएको छ | यस कार्यक्रमको मुख्य उद्देश्य जिरो होम डेलिभरी नगरपालिका घोषणा गर्ने रहेको छ | जसमा यस नगरपालिकाका सम्पूर्ण गर्भवती महिलाहरुले पूर्ण संस्थागत सुत्केरी हुनुपर्ने छ अर्थात जिरो होम डेलिभरी (घरमा सुत्केरी हुनेको संख्या शुन्य) हुनुपर्दछ | यो कार्यक्रम हरिवन नगरपालिकाका सम्पूर्ण गर्भवती महिलाहरुले यस नगरपालिका कार्यक्षेत्रभित्र रहेका मान्यता प्राप्त स्वास्थ्य संस्था (वर्थिङ सेन्टरहरु) मा गई नेपाल सरकारको प्रोटोकल अनुसार दक्ष प्रसुतिकर्मिबाट गर्भवती परिक्षण सेवा, प्रसव सेवा र सुत्केरी सेवा लिनेछन् | यो कार्यक्रम हरिवन नगरपालिकाभित्र बासोबास भएका महिलाहरुमा मात्र लागु हुनेछ | यो कार्यक्रम अन्तर्गत नेपाल सरकारको सेवा सुविधामा थप सेवा सुविधा प्रदान गरीने छ साथै यो कार्यक्रम लाई आगामी आ.व. हरुमा थप प्रभावकारी बनाउदै लैजाने योजना समेत रहेको छ |

**उद्देश्य:-**

१. संस्थागत सुत्केरी संख्या वृद्धि गराई मातृ मृत्यु तथा नवजात शिशु मृत्युमा कमि ल्याउने ।

२. हरिवनमा रहेका बर्थिङ सेन्टरहरुमा सुत्केरी हुने संख्यामा वृद्धि गर्ने ।

३. स्थानीय स्तरमा प्राप्त सेवा सुविधालाई उपभोग गर्ने वानीको विकास गर्ने ।

**लक्षित समूह :-** हरिवन नगरपालिका भित्रका बर्थिङ सेन्टरहरुमा सुत्केरी गराउने हरिवनमा बसोबास गरेका गर्भवती महिलाहरु ।

**कार्यक्रम स्थान** :- हरिवन नगरपालिका क्षेत्र भित्र ।

नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण तथा परिपूर्ति गर्नका लागि सुरक्षित मातृत्व तथा वाल स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन, हरिवन नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने महिलाहरुको सुरक्षित मातृत्व सम्बन्धी समस्याको समाधान तथा मातृ मृत्यु, नवजात शिशु मृत्यु र वाल मृत्यु न्यूनीकरणको लागि **"जिरो होम डेलिभरी"** कार्यक्रम सञ्चालन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र हरिवन नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगरपालिकाको मिति २०७८/११/११ मा बसेको बैठकबाट यो निर्देशिका जारी गरिएको छ ।

**प्रस्तावना:**

नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने महिलाहरुको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हकलाई सुनिश्चित गर्न आमा सुरक्षा कार्यक्रम अन्तर्गत **"जिरो होम डेलिभरी"** कार्यक्रम सञ्चालन गरी सम्पूर्ण गर्भवती महिलाहरुलाई मान्यता प्राप्त स्वास्थ्य संस्थाहरुबाट दक्ष प्रसुतीकर्मीद्वारा गर्भवती, प्रसुती र सुत्केरी सेवा प्रदान गरी मातृ मृत्यु तथा नवशिशु मृत्यु घटाउन र प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरुको पहिचान गर्न नियमित रुपमा स्वास्थ्य परीक्षण गर्ने, आवश्यक परामर्श दिने, स्वास्थ्यको प्रोटोकल अनुसार नियमित परीक्षण तथा

उपचार सेवा प्रदान गरी सुरक्षित मातृत्व कार्यक्रमलाई सुदृढीकरण गर्न जिरो होम डेलिभरी कार्यक्रमको निर्देशिका जारी गर्न वान्छनीय भएकोले हरिवन नगर कार्यपालिकाको बैठकबाट यो निर्देशिका स्वीकृत गरी जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस निर्देशिकाको नाम **"जिरो होम डेलिभरी कार्यक्रम सञ्चालन निर्देशिका, २०७८"** रहनेछ ।

ख) यो निर्देशिका हरिवन नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "कार्यक्रम" भन्नाले जिरो होम डेलिभरी कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ सम्झनु पर्छ ।

ख) "अनुदान" भन्नाले गर्भवती महिलाहरुलाई गर्भ परीक्षण र प्रसुती सेवा लिन स्वास्थ्य संस्थामा गए वापत प्रदान गरिने प्रोत्साहन रकम तथा गर्भवती महिलाहरुको खोजि गरी स्वास्थ्य संस्थासम्म पुर्याउन सहयोग गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्यकर्मीहरुलाई प्रदान गरिने प्रोत्साहन रकम भन्ने सम्झिनुपर्छ ।

ग) "अनुदानग्राही" भन्नाले हरिवन नगरपालिकाभित्र बसोवास गर्ने गर्भवती महिलाहरुलाई सम्झनुपर्छ ।

घ) "गर्भ परीक्षण" भन्नाले नेपाल सरकारले निर्धारण गरेको प्रोटोकल अनुसारको गर्भ रहेको चौथो, छैटौं, आठौं, र नवौं महिनामा गरिएको गर्भ परीक्षणलाई सम्झनुपर्छ ।

ङ) "प्रथम गर्भ परीक्षण" भन्नाले गर्भ रहेको १२ हप्ता देखि १६ हप्ता सम्मको अवधिमा पहिलो पटक गर्भ परीक्षण गराई जुकाको औषधि खाएको, आइरन चक्की खान शुरु गरेको र टि.डी. खोप समेत लगाएको भन्ने सम्झनुपर्छ ।

च) "दोश्रो गर्भ परीक्षण" भन्नाले गर्भ रहेको २१ हप्ता देखि २४ हप्ता सम्मको अवधिमा गर्भ परीक्षण गराई लगातार आइरन चक्की खाइरहेको र आवश्यकता अनुसार टि.डी खोपको दोश्रो मात्रा लगाएको भन्ने सम्झनुपर्छ ।

छ) "तेश्रो गर्भ परीक्षण" भन्नाले गर्भ रहेको २९ हप्ता देखि ३२ हप्ता सम्मको अवधिमा गर्भ परीक्षण गराई लगातार आइरन चक्की खांइरहेको भन्ने सम्झनुपर्छ

ज) "चौथौ गर्भ परीक्षण" भन्नाले गर्भ रहेको ३३ हप्ता देखि ४० हप्ता सम्मको अवधिमा गर्भ परीक्षण गराई १८० आइरन चक्की खाएको भन्ने सम्झनुपर्छ ।

झ) "प्रसूती सेवा" भन्नाले नेपाल सरकारले तोकेको मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट दक्ष प्रसूतिकर्मीद्वारा दिइने प्रसूतिसेवा लाई सम्झनुपर्छ ।

ञ) "दक्ष प्रसूतिकर्मी" भन्नाले अ.न.मि. वा स्टाफ नर्स उतीर्ण गरी SBA तालिम प्राप्त व्यक्ति सम्झनुपर्छ

ट) "नगरपालिका" भन्नाले हरिवन नगरपालिका सम्झनुपर्छ ।

ठ) "अर्थ व्यवस्था" भन्नाले जिरो होम डेलिभरी कार्यक्रम सन्चालनको लागि विनियोजन गरिएको बजेट लाई सम्झनुपर्छ ।

ड) "समिति" भन्नाले यो कार्यक्रम संचालन, अनुगमन, अभिलेख राख्ने जिरो होम डेलिभरी कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ ।

ढ) "ईकाई समिति" भन्नाले यो कार्यक्रम संचालन, अनुगमन, अभिलेख राख्ने जिरो होम डेलिभरी कार्यक्रम कार्यान्वयन ईकाई समिति सम्झनु पर्छ ।

ण) "मातृ" भन्नाले गर्भ रहेदेखि सुत्केरी तथा गर्भपतन भएको ४२ दिन सम्मको महिलालाई सम्झनुपर्छ ।

त) "नवशिशु" भन्नाले जन्मे देखि २८ दिन सम्मको बच्चालाई सम्झनुपर्छ ।

थ) "जिम्मेवार व्यक्ति" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारी सम्झनुपर्छ। नगरपालिकामा नर्सिङ कर्मचारी नभएको खण्डमा नगरपालिकाले नियमानुसार व्यक्ति तोक्न सक्नेछ ।

द) "जिम्मेवार शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

ध) "उपकरण" भन्नाले यो कार्यक्रम सन्चालन गर्नकोलागि अवश्यक पर्ने सर्जिकल सामान लगायतका उपकरणलाई संझनुपर्छ ।

३. **सूचना प्रकाशित गर्ने:**

१) महिलाहरुलाई जिरो होम डेलिभरी कार्यक्रममा सहभागी हुनका लागि नगरपालिकाले पत्रपत्रिका, वेभसाइट, एफ.एम. आदिका माध्यम बाट सार्वजनिक रुपमा सूचना प्रकाशित गर्नेछ ।

२) गर्भवती परीक्षण, प्रसुती सेवा र सुत्केरी सेवा नियमित रुपमा निरन्तर प्रदान गरिनेछ ।

**(क) अभिमुखीकरण** :- हरिवन नगरपालिका भित्रका सम्पूर्ण गर्भवती महिला दिदिबहिनीहरुलाई यस कार्यक्रममा समेट्नको लागि नगरपालिका भित्रका सबै वडाहरुलाई समूहमा विभाजन गरी तत् तत् स्थानहरुमा सम्बन्धित वडाका जन प्रतिनिधि महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्य आमा समूहका सदस्य, स्थानीय स्वास्थ्य संस्था र लक्षित महिलाहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सबै वडाहरुमा ईकाई समिति गठन गरिनेछ ।

**(ख) जिरो होम डेलिभरी कार्यक्रम सञ्चालन** :- यो कार्यक्रम यस हरिवन नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गर्भवती परीक्षण तथा सुत्केरी सेवा र मान्यता प्राप्त बर्थिङ सेन्टर(सरकारी तथा निजि)बाट प्रसूती सेवा प्रदान गरी कार्यक्रम सञ्चालन गरिनेछ । हाललाई वडा नं.०४ मा अवस्थित सासापुर स्वास्थ्य चौकी, वडा नं ११ मा रहेको नमुना अस्पताल र नेपाल परिवार नियोजन संघमा सञ्चालित बर्थिङ सेन्टरहरुबाट प्रसूती सेवा प्रदान गरिनेछ । गर्भवती महिलाहरुले प्रोटोकल अनुसार गर्भ रहेको चौथौ, छैटौं, आठौं र नवौं महिनामा गर्भ परीक्षण गराउन स्वास्थ्य संस्थामा गए वापत र प्रसूती गराउन मान्यता प्राप्त स्वास्थ्य संस्थामा गई दक्ष प्रसूतिकर्मीबाट प्रसूती सेवा लिए वापत अनुसूची - १ बमोजिमको प्रोत्साहन रकम प्रदान गरिनेछ भने माथि उल्लिखित सेवा प्रदान गर्ने सेवा प्रदायकलाई र गर्भवती महिला खोजि गरी उल्लिखित सेवा लिन सहयोग पुर्याउने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सेवा दिए वापत अनुसूची- २ बमोजिमको सेवा सन्चालन प्रोत्साहन रकम प्रदान गरिने छ । छुट भएका गर्भवती महिलाहरुको खोजि गरि **"ANC Home Visit"** कार्यक्रम मार्फत सेवा प्रदान गरिने छ । उक्त सेवा दिए वापत अनुसूची - २ बमोजिमको सेवा सुविधा सेवा प्रदायकलाई व्यवस्था गरिएको छ । उपरोक्त कार्यक्रमको नियमित अनुगमन, सुपरिवेक्षण, मूल्यांकन र कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्था प्रमुख, नगरपालिकाको स्वास्थ्य शाखा, नगर समिति र ईकाई समितिको हुनेछ । सम्पूर्ण गर्भवती महिलाहरुलाई प्रसूती सेवा लिन बर्थिङ सेन्टर जाँदाको समयमा निशुल्क एम्बुलेन्स सेंवाको व्यवस्था गरिनुको साथै

प्रेषण सेवालाई व्यवस्थित गरिनेछ । साथै पछि यस कार्यक्रमलाई आवश्यकता अनुसार विस्तार गर्दै लगिनेछ ।

**(ग) "कार्यक्रम"** :- समुदायमा प्रजनन् उमेर समुहका महिलाहरुलाई प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, आमा सुरक्षा कार्यक्रम र जिरो होम डेलिभरी सम्बन्धी जनचेतना अभिबृद्धि गर्नको लागि समुदाय स्तरमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमको सन्चालनका साथै आवश्यकता अनुसार तोकिए बमोजिम कार्यक्रमहरुको निरन्तरता तथा विस्तार गरिनेछ । यस कार्यक्रम भित्र आमा सुरक्षा, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, नवशिशु स्याहार, जस्ता बिषयहरु र गर्भवती सेवा, प्रसूती सेवा, सुत्केरी सेवा तथा सुरक्षित गर्भपतन सेवा पर्दछन ।यस निर्देशिकाको प्रजनन् उमेर समुहका गर्भवती महिला तथा नवशिशुको स्वास्थ्य स्थिति सुधार गर्ने प्रमुख उधेश्य रहेको छ । जिरो होम डेलिभरी कार्यक्रमले निम्न सेवाहरु सन्चालन तथा व्यवस्थापन गर्नेछ:-

१. गर्भवती परीक्षण सेवा (संस्था र घर)

२. प्रसूती सेवा

३. सुत्केरी सेवा (संस्था र घर)

४. सुरक्षित गर्भपतन सेवा

५. एम्बुलेन्स सेवा

६. नव शिशु स्याहार सेवा

७. मातृकालिन तथा वाल्यकालिन पोषण सेवा

८. व्यवस्थित प्रेषण सेवा

आमा तथा नव शिशुको स्वास्थ्य सम्बन्धी सेवा आवश्यकता अनुसार विस्तार गर्न सकिनेछ ।

**४. जिरो होम डेलिभरी कार्यक्रम कार्यान्वयन समिति :-**

यस कार्यक्रम सञ्चालन, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांङ्कन गरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी नीति योजना तथा कार्यक्रम तयार गर्नको लागि नगरपालिकालाई आवश्यक सुझाव दिन देहाय बमोजिम एक जिरो होम डेलिभरी कार्यक्रम कार्यान्वयन समिति र प्रत्येक वडामा एक ईकाई समिति रहने छ ।

## जिरोहोम डेलिभरी कार्यक्रम कार्यान्वयन समिति :-

१) नगर प्रमुख हरिवन नगरपालिका - संयोजक

२) नगर उप प्रमुख हरिवन नगरपालिका - सह-संयोजक

३) प्रमुख प्रशासकीय अधिकृत नगर कार्यपालिकाको कार्यालय - सदस्य

४) लेखा शाखा प्रमुख नगर कार्यपालिकाको कार्यालय -सदस्य

५) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख नगर कार्यपालिकाको कार्यालय -सदस्य

६) प्रशासन शाखा प्रमुख नगर कार्यपालिकाको कार्यालय -सदस्य

७) सरकारी बर्थिङ सेन्टरको प्रतिनिधि -सदस्य

८ गैर सरकारी बर्थिङ सेन्टरको प्रतिनिधि २ जना -सदस्य

९) स्वास्थ्य शाखाका नर्सिङ कर्मचारी नगर कार्यपालिकाको कार्यालय -सदस्य सचिव

## जिरो होम डेलिभरी कार्यक्रम कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

- हरिवन नगरपालिका भित्रका गर्भवती महिलाहरुको सेवाको पहुँचबारे जनसमुदाय, आमा स्वास्थ्य समूह, स्थानीय जनप्रतिनिधि र सरोकारवालाहरुलाई सचेतना गराउनु पर्नेछ ।
- जिरो होम डेलिभरी कार्यक्रम संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरु कार्यान्वयनमा ल्याउने ।
- कार्यक्रमले तोकेको सेवा तथा सुविधाहरुको अनुगमन, नियमन तथा कार्यान्वयन गर्न लगाउने ।
- सेवा सुविधाको विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

- आवस्यकता अनुसार बैठक बसी जिरो होम डेलिभरी कार्यक्रम सम्बन्धी निर्णयहरु गर्ने ।
- वार्षिक प्रगति तथा आयव्यय विवरण कार्यपालिकामा पेश गर्ने ।

**जिरो होम डेलिभरी कार्यक्रम कार्यान्वयन ईकाई समिति :-**

१) सम्बन्धित वडाको वडा प्रमुख - संयोजक

२) सम्बन्धित वडाको म.स्वा.से.हरुमध्ये नगर प्रमुखबाट मनोनित १ जना - सदस्य

३) सम्बन्धित वडाको सचिव - सदस्य

४) स्वास्थ्य आमा समूहको सदस्यहरुमध्ये इकाइ समितिबाट मनोनित १ जना -सदस्य

५) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको नर्स मध्ये सम्बन्धित स्वास्थ्य चौकीले छनौट गरी पठाएको १ जना -सदस्य

६) सम्बन्धित वडाको महिला जनप्रतिनिधी मध्ये संयोजकले मनोनित गरेको एक जना - सदस्य

७) सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख -सदस्य-सचिव

**जिरो होम डेलिभरी कार्यक्रम कार्यान्वयन ईकाई समितिको काम कर्तव्य र अधिकार**

- हरिवन नगरपालिका भित्रका गर्भवती महिलाहरुको खोजि गरि तोकिएको सेवा लिन सहयोग तथा प्रोत्साहन गर्नु पर्नेछ ।
- जिरो होम डेलिभरी कार्यक्रम सन्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु महिला तथा सरोकारवालाहरुमा जानकारी गराउने ।
- कार्यक्रमले तोकेको सेवा तथा सुविधाहरु सम्बन्धित महिलाहरुले लिए नलिएको एकिन गर्ने र आवश्यक सहयोग गर्ने ।
- सेवा सुविधाको विषयमा सरोकारवालाहरुलाई जानकारी गराउने ।

- आवश्यकता अनुसार बैठक बसी जिरो होम डेलिभरी कार्यक्रममा सबै सम्बन्धित महिलावर्गहरुले सेवा लिएको सुनिश्चित गर्ने ।
- वार्षिक प्रगति विवरण तथा सुझावहरु नगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखामा पेश गर्ने ।

**चिकित्सकको व्यवस्था** :- जिरो होम डेलिभरी कार्यक्रमलाई थप व्यवस्थित बनाउनको लागि नगरपालिकाले बर्थिङ सेन्टरलाई थप सुविधा सम्पन्न बनाउने हेतुले प्रस्ताव आह्वान गरी स्त्रीरोग विशेषज्ञ गाइनोलोजिस्ट सेवा करारमा भर्ना गर्नेछ । चिकित्सकलाई नियमानुसारको सेवा सुविधा र पारिश्रमिक उपलब्ध गराइनेछ ।

**५(क) उपकरण खरिद** :- यस कार्यक्रम सञ्चालनको लागि बृहत बजेटको आवश्यकता पर्ने भएतापनि हाललाई अत्यावश्यक उपकरण मात्र खरिद गरी बाँकी आगामी आ.व.मा छुट्याइएको बजेटबाट खरिद गर्दै जान सकिनेगरी यस आ.व.मा minimum standard व्यवस्थापन गर्ने उपकरण मात्र खरिद गरिनेछ । सो को जिम्मेवारी नगर कार्यपालिकाको स्वास्थ्य र जिन्सी शाखाको साथै खरिद ईकाई समितिको हुनेछ।

**६. बजेट व्यवस्थापन** :- यस कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट हरिवन नगरापालिकाबाट विनियोजित गरिनेछ । साथै विनियोजित बजेट अनुसारको कार्यक्रम यस नगरपालिकाको स्वास्थ्य शाखाबाट कार्यपत्र बनाई खर्च गरिनेछ ।

**७. गोपनियता कायम राख्नुपर्ने** :- (१) यस कार्यक्रम बमोजिम सेवा लिने महिलाहरुको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित सूचना, कागजात तथा निजलाई प्रदान गरिएको परामर्श र सेवा सम्बन्धी सबै अभिलेख गोप्य राख्नु पर्नेछ ।(२) बुँदा नं.७(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा त्यस्ता सूचना, कागजात तथा परामर्श सेवा सम्बन्धी अभिलेख उपलब्ध गराउन सकिनेछ ।

क) कुनै मूद्दा मामिलाको अनुसन्धान तथा सुनुवाईको सिलसिलामा अनुसन्धान अधिकारी वा अदालतबाट जानकारी माग भएमा,

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

ख) सुरक्षित गर्भपतन सेवा सम्बन्धी अध्ययन, अनुसन्धान वा अनुगमनको उद्देश्यले सम्बन्धीत महिलाको परिचय नखुल्ने गरी विवरण माग गरेमा ।

ग) सम्बन्धित महिला स्वयंले यस सम्बन्धी अभिलेख माग गरेमा ।

**८. यो निर्देशिका नगर कार्यपालिकाबाट पारित भएपश्चात देहाए बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छ :-**

१ सम्बन्धित सम्पूर्ण निकाय तथा सरोकारावालाहरुको सहभागितामा बैठक बसी नगर स्तरीय समिति गठन एवं कार्यक्रमको योजना बनाईनेछ ।

२ सम्बन्धित प्रत्येक वडाहरुमा वडा इकाई समिति गठन गरिनेछ ।

३ निर्देशिकाले तोके बमोजिमको सम्पूर्ण लक्षित समूह तथा कर्मचारीहरुलाई कार्यक्रमको अभिमुखीकरण सञ्चालन गरिनेछ ।

४ समुदायमा जिरो होम डेलिभरी कार्यक्रम सञ्चालन गरिने छ ।

५ समय समयमा कार्यक्रमले निर्दिष्ट गरेको सूचकहरुको समीक्षा गरिनेछ ।

६ जिरो होम डेलिभरी पालिका घोषणाको लागि तोकिएका मापदण्डहरु लगातार ३(तिन) आर्थिक वर्षसम्म लेखाजोखा र विश्लेषण गरिनेछ ।

७ कार्यक्रमको विश्लेषण एवं समीक्षाबाट मापदण्ड अनुसारको परिणाम प्राप्त भएपछी जिरो होम डेलिभरी पालिका घोषणा गरिनेछ ।

८ उपरोक्त कार्यक्रम निरन्तर रुपमा चलिरहने छ ।

**९. जिरो होम डेलिभरी पालिका घोषणाको लागि तपसिल बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ :-**

१ लगातार तिन वर्ष सम्म पूर्ण संस्थागत सुत्केरी(जिरो होम डेलिभरी) भएको हुनु पर्छ ।

२ शतप्रतिशत परिवार नियोजन सेवा लिएको हुनुपर्छ ।

३ पूर्ण खोप सुनिश्चितता भएको हुनुपर्नेछ ।

**१०. यो कार्यक्रम सम्पन्न भएपछि हरिवन नगरपालिकाले निम्न परिणामहरु हाँसिल गर्नेछ :-**

१ सम्पूर्ण आमा तथा बच्चाहरुको स्वास्थ्य स्थिति मा उल्लेखनीय सुधार आउनेछ ।
२ सम्पूर्ण गर्भवती महिलाहरुले मान्यता प्राप्त स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिएको हुनेछन् ।
३ दिगो विकास लक्ष हासिल गर्नमा सहयोग पुग्नेछ ।

**११. एम्बुलेन्स सेवा सम्बन्धि व्यवस्था :-**

यो कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न आवश्यक पर्ने एम्बुलेन्स सेवाको लागि एम्बुलेन्स सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

**१२. अभिलेख तथा प्रतिवेदन :-** १) यस निर्देशिका बमोजिम सेवालिने सेवाग्राहीहरुको अभिलेख सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुले राखी मासिक रुपमा हरिवन नगरपालिका स्वास्थ्य तथा सामाजिक विकास शाखामा प्रतिवेदन गर्नुपर्नेछ ।

**१३. महिला, बालबालिका, किशोर किशोरी, अपांङग मैत्री सेवा प्रदान गर्नुपर्ने :-** यस कार्यक्रम बमोजिम सेवा प्रदान गर्दा महिला, बालबालिका, किशोर किशोरी एवं अपाङगमैत्री हुने गरि सेवा प्रदान गर्नुपर्नेछ ।

**१४. भेदभाव गर्न नपाइने :-** कसैलाई निजको उत्पती, धर्म, वर्ण, जातजाती, लिङ्ग, समुदाय, पेशा, व्यवसाय, यौनिक तथा लैंगिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट संक्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णताको अवस्था, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसुती तथा नवजात शिशु, लगायतका महिनावारी सम्बन्धीत सेवा प्राप्त गर्ने अधिकार माथि कुनै किसिमको भेदभाव गर्न पाईने छैन ।

**१५. संरक्षण गृहको व्यवस्था :-** मानशिक रुपले अशक्त, अपाङ्ग, घर परिवार र आफन्तबाट तिरस्कृत, बलाकृत, सुरक्षित मातृत्व, महिलाको प्रजनन स्वास्थ्य, नवशिशुको स्वास्थ्य, संरक्षणका लागि त्यस्ता महिला तथा शिशुलाई संरक्षण गृहमा राख्ने गरि संघ, प्रदेश तथा अन्य साझेदारको पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाउन सकिनेछ ।

**१६. निर्देशन दिन सक्ने** :- नगरपालिकाले यस कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपले सञ्चालन गर्नको लागि आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएका निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ

**१७. असल नियतले गरेकोमा बचाउ** :- यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि असल नियतले गर्भवती, प्रसूती, सुत्केरी, गर्भपतन, नवशिशु, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराएको विषयलाई लिएर कुनैपनि स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी विरुद्ध कुनै किसिमको कानुनी कारवाही चलाईने छैन ।

**१८. प्रचलित कानुन बमोजिम हुने** :- यस निर्देशिकामा लेखिएका सम्पूर्ण कुरामा यसै निर्देशिका बमोजिम र यस निर्देशिकामा नलेखिएको विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

**सेवाग्राहीले सेवा लिए वापत देहाए बमोजिमको प्रोत्साहन रकम प्रदान गरिनेछ ।**

| सि.नं. | विवरण | प्रोत्साहन रकम | कैफियत |
|---|---|---|---|
| १. | पहिलो गर्भ परीक्षण (चौथो महिनामा) | रु.२००।- | - |
| २. | दोश्रो गर्भ परीक्षण (छैटौं महिनामा) | रु.२००।- | |
| ३. | तेश्रो गर्भ परीक्षण (आठौं महिनामा) | रु.२००।- | |
| ४. | चौथो गर्भ परीक्षण (नवौं महिनामा) | रु.२००।- | |
| ५. | प्रसुती सेवा लिए वापत | रु.५००।- | |
| ६. | जम्मा | रु.१३००।- | |

नोट :- माथि उल्लेखित रकम प्रत्येक पटक सेवा लिए पश्चात लगत्तै उपलब्ध गराइनेछ । साथै यो सुविधा नेपाल सरकारको सुविधामा थप गरिएको सुविधा हो ।

अनुसूची २

**सेवा प्रदायक तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई देहाए बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ**

| सि.नं | विवरण | सेवा सुविधा वापतको रकम | | | कैफियत |
|---|---|---|---|---|---|
| | | म.स्वा.से. | नर्सिंग | व्यवस्थापक | |
| १. | गर्भ परिक्षण ४ पटक प्रोटोकल अनुसार | रु.१००।- | रु.२००।- | रु.५०।- | |
| २. | प्रति प्रसुती | रु.२००।- | रु.५००।- | रु.५०।- | |
| ३. | ४ पटक सुत्केरी परिक्षण प्रोटोकल अनुसार | रु.५०।- | रु.२००।- | रु.५०।- | |
| ४. | गर्भवती घरभेट प्रोटोकल अनुसार (If Necessary) | - | रु.२००।- (प्रति भेट) | - | |
| ५. | गर्भवतीको अनुगमन गर्न फोन खर्च | - | रु.२५०।- प्रति महिना) | - | |

नोट:- नर्सिंग कर्मचारीको हकमा बुँदा नं १ र ४ मध्ये एउटा मात्र सेवा सुविधा प्रदान गरिने छ ।

**एम्बुलेन्स खर्च** :- एम्बुलेन्स खर्च एम्बुलेन्स सेवा सञ्चालन निर्देशिकामा उल्लेख भए बमोजिम गरिनेछ ।

**अनुसूची ३**

हरिवन नगरपालिका

जिरो होमे डेलिभरी (पूर्ण संस्थागत सुत्केरी) कार्यक्रमका लाभग्राहीहरुको अभिलेख

| सि. नं | नाम थर | उमेर | ठेगाना | प्रदान गरिएको सेवा | उपचार | प्रेषण गरिएको अस्पताल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |